बैजनाथ गाउँपालिका

# बैजनाथ राजपत्र

खण्ड :०१ संख्या : ०९ प्रकाशित मिति :

## भाग- ०२

## घुम्ती कोष परिचालन निर्देशिका २०७४

गाँउ कार्यपालिकाबाट स्वीकृत मिति २०७४।१२।२४

**प्रस्तावनाः**

बैजनाथ गाँउपालिकाको प्रथम गाँउ शभा २०७४ बाट पारित नीति तथा कार्यक्रममा समावेश भएको "गाउँपालिकाको समग्र विकासका लागी सहकारी संस्था र सामाजिक संघरसंस्थाहरू सँगको सहकार्यलाई जोड दिईनेछ। गाउँपालिकामा कार्यक्रम स्वीकृत गराएका संघ संस्थाहरू सँग आवश्यक सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ। तरकारी संकलन केन्हरू संचालनमा हुने छन साथै कृषि उत्पादन वृद्धिका लागी आधुनिक प्रविधी र तालिमको व्यवस्था गरिने छ। सहकारी शिक्षा सहकारी प्रवर्धन व्यवस्थापन रणनीति र शिप विकासका लागि कार्यक्रम ल्याइने छ। युवा स्वोरोजगार जस्ता कार्यक्रम घुम्ती कोष मार्फत संचालन गरिने छ भन्ने मूलनीतिको अवधारणा अनुरूप स्वीकृत भएको युवा स्वोरोजगार घुम्तीकोष संचालन कार्यक्रम स्थानिय स्तरका सहकारी मार्फत युवा जनशक्तीका आयआर्जनका कृयाकलापमा सरिक गराइ न्यून लगानिबाट अधिकतम प्रतिफल प्राप्त गराउनका निम्ति आधार श्रोतका रूपमा आवश्यक पर्ने कर्जा माँगलाइ टेवा पुगाउनको लागि विभिन्न निकायबाट प्राप्त अनुदान तथा गाँउपालिकाको आफ्नैं श्रोतबाट समेत घुम्तीकोष स्थापनागरी बीउँपूँजीलाइ सुव्यवस्थित, नियमित र प्रभावकारी ढंगबाट परिचालन गर्न बैजनाथ गाँउपालिकाले यो निर्देशिका जारी गरेको छ।

**परिच्छेद १**

**प्रारम्भ**

१.१ **संक्षिप्त नाम र प्रारम्भः**

१.२.१ यो निर्देशिकाको नाम घुम्तीकोष परिचालन निर्देशिका २०७४ रहेको छ।

१.२.२ यो निर्देशिका बैजनाथ गाँउ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुने छ।

१.२ **परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) संस्था भान्नाले, सहकारी मापदण्ड अनुसार दर्ता भएका सहकारी संस्थाहरूलाइ जनाउँछ। सो शव्दले प्रचलित कानून अनुसार सम्बन्धित निकायमा दर्ता भइसकेका वा गठन प्रकृया पूरा गरी दर्ता प्रकृयामा अगाडी बढेका वा तदर्थ समिति गठन गरी आर्थिक सामाजिक उन्नतिका लागि निश्चित विनियमका आधारमा कृयाशिल र संचालित संस्था र समितिलाई जनाउँछ ।

(ख) संचालक समिति भन्नाले प्रचलित कानून बमोजिम दर्ता गर्नका लागि वा संस्था व्यवस्थित ढंगबाट संचालन गर्नका लागि संस्थाले विनियमद्वारा व्यवस्था गरेको समिति तथा व्यवस्थापन समितिलाइ समेत जनाउँछ।

(ग) कर्जा समिति " भन्नाले संस्थाका सदस्यहरुको बचत, शेयर तथा बैजनाथ गाँउपालिकाबाट प्राप्त बीउपूजीलाई सदस्यहरुबीच कर्जाका रुपमा परिचालन गर्ने सम्पूर्ण जिम्मेवारी तोकिएको संस्थाको विनियम बमोजिम निर्धारण गरेको कर्जा समितिलाई जनाउँछ।

(घ) चालुकोष भन्नाले यस निर्देशिकाको दफा २.२ बमोजिम संस्थाहरुलाई बीउपुँजी उपलब्ध गराउने प्रयोजनका लागि गाँउपालिकामा स्थापित दफा २.१ को कोषलाई जनाउँछ।

(ङ) बीउपुँजी "भन्नाले यस निर्देशिकाको दफा २.१ को कोषबाट दफा २.६ अनुसार सम्झौता गरी संस्थालाई उपलब्ध गराउने बीउपुँजी रकमलाई जनाउँछ।

(च) पालिका भन्नाले बैजनाथ गाँउपालिकालाई जनाउँछ।

(छ) कार्यालय भन्नाले बैजनाथ गाँउ कार्यपालिकाका कार्यालयलाई जनाउँछ।

(ज) सदस्य भन्नाले संस्थाको विनियम बमोजिम सदस्यता प्राप्त गरी उक्त संस्थामा नियमित रुपमा बचत गरिरहेका व्यक्तिहरुलाई जनाउँछ, सो शब्दले संस्थाको सञ्चालक समितिका पदाधिकारीहरुलाई समेत जनाउँछ।

१.३ **उद्देश्य**

निम्नलिखित उद्देश्य परिपूर्तिका लागि घुम्तीकोष स्थापना गरी बीउपुँजीको व्यवस्था गर्न सकिनेछ :

(क) पालिका स्थित सहकारी संस्थाहरुको संस्थागत विकासमा टेवा पुर्‍याउने।

(ख) संस्थाहरुको आर्थिकस्तर उकास्नुका अतिरिक्त कर्जा परिचालन क्षमतामा अभिबृद्धि गर्ने।

(ग) वेराजगार जनशक्तिका आयआर्जनका निम्ति आवश्यक न्यूनतम कर्जाको मागलाई स्थानीय सहकारी संस्थाहरु मार्फत न्यून व्याज दरमानै परिपूर्ति गराइ स्वराजगर गराउने।

(घ) वेराजगार जनशक्तिलाइ उत्पादनमूलक क्षेत्रमा सरिक गराई उनीहरुको आर्थिक स्थिति सुदृढ पार्न मद्दत पुर्‍याउने।

## परिच्छेद – २
## घुम्तीकोष स्थापना तथा बीउपुँजीको व्यवस्था

२.१ घुम्तीकोष स्थापना दफा २.२ बमोजिम बीउपुँजी प्रदान गर्ने प्रयोजनका लागि बैजनाथ गाँउपालिकाका नाममा एक कोषको स्थापना गरिनेछ। उक्त कोष स्थायी कोष हुनेछ। जसमा गाँउपालिकाबाट युवा स्वराजगार कार्यक्रम अन्तरगत रकम विनियाजन गरि काषका पूँजीमा विद्धी गरिनुका साथै संस्थाहरुबाट सम्झौता अवधि समापत भएपश्चात फिर्ता हुन आउने बीउपुँजी तथा अन्य दातृ संस्थाहरुबाट युवा स्वरोजगार कार्यक्रमका लागि प्राप्त हुन आउने रकम समावेश गरिनेछ।

२.२ घुम्तीकाष बीउपुँजी उपलब्ध गराउन सक्ने यस निर्देशिकाको परिच्छेद १ को दफा १.३ अनुसार उद्देश्य परिपूर्तिका लागि कार्यपालिकाका कार्यालयले कोषबाट दफा २.६ बमोजिम सम्झौता गरी संस्थालाई

घुम्तीकाष बीउपुँजी उपलब्ध गराउन सक्नेछ । यस्तो बीउपुँजीको अधिकतम सीमा सम्बन्धित संस्थाको चुक्ता शेयर पूँजीभन्दा बढी नहुनेगरी प्रदान गर्नु पर्ने छ ।

२.३ बीउपुँजी प्राप्त गर्न प्रस्ताव पेश गर्नु पर्ने घुम्तिकोष बीउपुँजी प्रदान गर्नका लागि कार्यपालिकाका कार्यालयले अनुसुची १ बमोजिमको ढांचामा सम्बन्धित संस्थाहरुबाट प्रस्ताव माँग गर्नु पर्नेछ । पेश हुन अएका प्रस्तावहरु मूल्यांकन गरी सफल संस्थालाइ अनुसूची २ बमाजिम घुम्तिकोष बीउपुँजी उपलव्ध गराउने छ।

२.४ **आर्थिक समितिले सिफारिश गर्नेः**

चालु आर्थिक वर्षको घुम्तीकोष कार्यान्वयन स्थिति समेतको विश्लेषण बाट आगामी आर्थिक बर्षका लागि आवश्यक पर्ने बीउपुँजीको माग प्रक्षेपण गरी आर्थिक समितिले आगामी वर्षकोलागि चालुकोष पुँजिको योजना सभामा पेश गर्नु पर्नेछ।

२.५ **घुम्तीकोष रकमको व्यवस्थागर्ने**

२.५.१ कार्यपालिकाले प्रत्येक आर्थिक बर्ष घुम्तीकोषका लागि आवश्यक पर्ने निश्चित रकमबाट शिर्षक कार्यक्रममा व्यवस्था गनुपर्नेछ। संस्थामा प्रक्षेपण गएिको पूँजिका उपादेयता र प्राप्त प्रतिफलका अवस्था, माँगका
स्थिती तथा स्वराजगारका अवस्थालाइ विचारगरी आगामी वर्षकोलागि घुम्तीकोषको व्यवस्था गर्नु पर्ने छ।

२.५.२ घुम्तीकोष रकम उपलब्ध गराउंदा अनुगमन तथा घुम्ती कोष सम्बन्धी अनुसूचि ३ बमोजमिको ढाँचामा स्थायी किताब खडा गरी प्रमुख प्रशासकिय अधिकृतबाट प्रमाणित गराइ राख्नु पर्ने छ।

२.६ **सम्झौता गर्नुपर्ने**

गाँउ कार्यपालिकाको कार्यालयले प्रस्ताव पेश गरेका संस्थाहरुबाट सफल संस्थालाई दफा २.१ को कोषबाट बीउपुँजी उपलब्ध गराउन अगावै अनुसुची घ बमोजिमको ढांचामा सम्झौता गरी राख्नुपर्नेछ।

## परिच्छेद –३
## घुम्तीकोष संचालन र व्यवस्थापन

३.१ **घुम्तीकोष परिचालनका शर्तहरु**

(क) संस्थाले बैजनाथ गाँउपालिका भित्र बसोबास गर्ने बेरोजगार जनशक्तीलाइ रोजगार मुलक प्रकृतिका कार्यकोलागि मात्र घुम्तीकोष परिचालन गर्नुपर्नेछ।

(ख) घुम्तीकोष परिचालका लागि संस्थाले अनिवार्यरुपमा विनियमद्धारा नै एउटा कर्जा लगानी समितिको व्यवस्था गरी सोही समितिको निर्णयद्धारा कर्जा लगानी गनुपर्नेछ।

(ग) घुम्तीकोष परिचालन गर्दा लगानी हुने अवधि, न्यूनतम व्याजदर, प्रतिसदस्य लगानी गरिने अधिकतम रकम, भाखा नाघेमा लाग्ने हर्जाना आदि विषयमा संस्थाले बीउपुँजी पचािलन नीति तयार गरी सोही नीतिमा स्पष्ट उल्लेख गरी लागु  गर्न पर्नेछ।

(घ) संस्थाले घुम्तीकोष लगानी गर्दा बढी भन्दा बढी सदस्य लाभान्वित हुनेगरी लगानी गर्ने नीति बनाउनु पर्नेछ। लगानी गर्दा सदस्यहरुको कर्जा माग मध्येबाट उत्पादनमुलक र कम समयमा बढी प्रतिफल प्राप्त हुने खालका परियोजनामा प्राथमिकताका साथ लगानी गर्नुपर्नेछ। कर्जाको भाखा तोक्दा परियोजनाको प्रकृतिका आधारमा न्यूनतम भाखा तय गरिनुपर्दछ।

(ङ) घुम्तीकोष लगानी गर्दा कुल कोष रकमको १० प्रतिशत भन्दा बढी रकम घरायसी कार्यका लागि मात्र माग भएको कर्जामा लगानी गर्न पाइने छैन।

(च) संस्थाका सदस्यले कर्जा माग गर्दा अनुसूची ४ बमोजिम ढांचामा निवेदन पेश गर्नुपर्नेछ।

(छ) संस्थाका सदस्यले कर्जा माग गर्दा अनुसूची ४ बमोजिम ढांचामा निवेदन पेश गर्नुपर्नेछ।

(ज) संस्थाहरुले प्रत्येक वर्षको असार मसान्तमा आफूले कार्यालयबाट प्राप्त गरेको घुम्तीकोष रकमको चुक्ता गर्नुपर्ने सिमा कार्लयमा बुझाइ सक्नु पर्नेछ।

(झ) घुम्तीकोष लगानी नीति अन्तर्गत ऋणा लिन इच्छुक सदस्यहरुमध्ये गरीब तथा पिटडि एका वर्गका सदस्यहरुलाई संस्थाले पहिलो प्राथमिकता दिने व्यवस्था गर्नु पर्नेछ ।

(ङ) घुम्तीकोष परिचालन गर्दा निर्देशिकाको परिधिभित्र रहेर लगानी र लगानी भुक्तानी प्रभावकारी हुने अन्य शर्तहरु आफले निर्धारण गरी लागु गर्नसक्ने छन् ।

३.२ घुम्तीकोष परिचालन सम्झौताको अवधि र नवीकरणा व्यवस्था

(क) कार्यालयले दफा २.६ बमोजिम सम्झौता गरी संस्थालाई घुम्तीकोष प्रदान गर्दा शसुमा १ वर्ष अवधि कायम गरिनछ ।

(ख) कार्यालयले अनुगमन गर्दा संस्थाले निर्देशिकाको अधीनमा रही सबै सदस्यहरुको हित हुनेगरी प्रभावकारी ढंगबाट घुम्तीकोष परिचालन भएको पाएमा १ वर्ष पश्चात पुनः थप १ वर्षका लागि सोही संस्थालाई नवीकरण गरी घुम्तीकोष परिचालन गर्न दिन सक्नेछ ।

३.३ घुम्तीकोष फिर्त गर्नुपर्ने

३.३.१ देहायमध्ये कुनै एक अवस्था भएमा संस्थाले कार्यालयलाई अनिवार्य रुपमा अवधि समाप्त भएको मितिले २ महिनाभित्र घुम्तीकोष फिर्ता गर्नु पर्नेछ :

(क) दफा २.६ को सम्झौता अवधि तथा नवीकरण भएको अवस्थामा सो अवधि समेत समाप्त भएमा

(ख) दफा ३.५ अनुसार सम्झौता रद्द भएमा ।

३.३.२ यसरी अवधि समाप्त भए पश्चात पनि संस्थाले कार्यालयलाई घुम्तीकोष फिर्ता नगरेमा उक्त रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

३.४ संस्थाबाटछ फिर्ता प्राप्त घुम्तीकोष पुनः परिचालन गर्नसक्ने

(क) घुम्तिकोषको अवस्था र संस्थाको बीउपुँजीको मागको आधारमा एउटा संस्थाले सम्झौतामा तोकिएको अवधिसम्म चालुपुँजी परिचालन गरेपश्चात दफा ३.३ अनुसार फिर्ता प्राप्त चालुपुँजी यसै निर्देशिकाको अधीनमा रही कार्यालयले नयां संस्थालाई दफाका प्रकृया परागरी उपलव्ध गराउन सक्नछ ।

(ख) लगानी पश्चातपनि घुम्तिकोषमा रकम मौज्दात भएमा स्थानिय क्षेत्रमा रहेका सहकारीहरूण घुम्तीकोष नपाएका सहकारीहरू

विचबाट प्रस्ताव मागगरी चालुपुँजी लगानी गर्न पनि सकिनेछ

३.५ **सम्झौता रद्द गरी बीउपुँजी फिर्ता लिने गाँउ कार्यपालिकाको कार्यालयको विशेषअधिकार:**

देहायका मध्ये कुनै पनि अवस्थामा गाँउ कार्यपालिकाको कार्यालयकाले संस्थासँगको सम्झौता रद्द गरी चालुपुँजी फिर्ता लिनसक्नेछ:

(१) गाँउ कार्यपालिकाको कार्यालयकालले अनुगमन गर्दा संस्थाले निर्देशिकाको व्यवस्थालाई उलङ्घन गरेको पाइएमा।

(२) घुम्तीकोष वीउँपुँजीको सम्झौता अवधि समाप्त नहुँदै संस्थाको विघटन भएमा

(३) तोकिएको उद्देश्य भन्दा विपरित कार्य गरेको पाइएमा

(४) यस निर्देशिकाको उद्देश्य विपरितका कार्यहरू गरेमा।

३.६ **चालुकोष रकम अन्य प्रयोजनमा खर्च गर्न नपाइने:**

३.६.१ दफा २.४ बमोजिम कार्यपालिकाको कार्यालयले उपलव्कध गराइएको घुम्तीकोषलाई दफा २.२ बमोजिम बाटहेक अन्य कुनै पनि प्रयोजनमा खर्च गर्न पाइने छैन।

३.६.२ यस निर्देशिकाको शर्त तथा व्यवस्थाको उल्लङघन भएमा सम्बन्धित शाखा प्रमुखलाई विभागिय कारवाही हुनसक्नेछ।

३.७ **चालुपुँजीको स्रेस्ता तथा अभिलेख दुरूस्त राख्नुपर्ने:**

संस्थाले कार्यालयबाट प्राप्त चालुपुँजीको छुटै र स्पष्ट विवरण देखिने गरी अभिलेख दुरूस्त राख्नुपर्ने छ।

## परिच्छेद -४

## सम्बन्धित पक्षको काम कर्तव्य र अधिकार

४.१ **गांउ कार्यपालिकाको अधिकार र कर्तव्य:**

चालुपुँजी परिचालनमा गांउ कार्यपालिकाको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

(१) प्रत्येक आ.व.को वार्षिक कार्यक्रममा चालुकोष स्थापनाका लागि आवश्यक रकमको व्यवस्था गर्ने।

(२) पालिकाको क्षेत्रभित्रका सम्पणा सहकारी संस्थाको अवस्थालाइ विचार गरी उक्त संस्थाहरूबाट स्वोरोजगारका क्षेत्रमा के कति छेवा पूगाउन सकिन्छ सो अवस्जथालाइ मध्यनजर गरी तथ्याङ्क अद्यावधिक गर्ने।

(३) प्राप्त तथ्यांकका आधारमा गांउ कार्यपालिकाको कार्यालयमा

रहेबको चालुकोष रकम थपघट गराउने।

(४) प्रत्येक चौमासिक/वाषिक घुम्ती कोषको स्पष्ट चित्रणमा हुने गरी विवरणा लिई तत्थ्याङ्क अद्यावधिक गराई राख्ने।

(५) कार्यालयलाई घुम्ती' कोषबाट बीउपुँजी परिचालनका लागिआवश्यक निर्देशन दिने

(६) चालुकोष तथा बीउपुँजी परिचालनका बाटरेमा समय समयमा अनुगमन गरी संस्थाहरुलाई आवश्यक निर्देशन दिने।

(७) अनुगमन गर्दा संस्थाहरुले बीउपुँजी परिचालन नीति विपरित कार्य गरेको पाइएमा सो संस्थासँगको सम्झौता भङ्ग गरी बीउपुँजी फिर्ता गर्न लगाउने।

(८) परिस्थिति अनुसार निर्देशिकामा आवश्यक सुधार गर्दै जाने।

४.२ गांउ कार्यपालिकाको कार्यालयको काम कर्तव्य र अधिकारः

चालुकोष परिचालनका लागि कार्यालयको अधिकार कर्तव्य देहाय बमोजिम हुनेछः

(१) संस्थाहरुका लागि आवश्यक पर्ने बीउपुँजीको माग प्रक्षेपण गरी विषयगत समितिमा पठाउने।

(२) दफा २.१ बमोजिम चालुकोष स्थापना गरी दफा ३.२ र ३.४ बमोजिम कोष परिचालन समेत गर्ने।

(३) संस्थाहरुको माग अनुसार आवश्यक सम्झौता गरी संस्थाहरुलाई उपयुक्त मात्रामा बीउपुँजी रकम प्रदान गर्ने।

(४) बीउपुँजी परिचालन गर्ने, अभिलेख अद्यावधिक गर्ने आदि विषयमा सम्बन्धित संस्थालाई अनुशिक्षणा दिने।

(५) संस्थाहरूको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने।

(६) बीउपुँजी परिचालन गरिरहेका संस्थाहरूबाट प्राप्त विवरणका आधारमा मासिक/चौमासिक/वार्षिक रूपमा अभिलेख अद्यावधिक गराई राख्ने।

(७) प्रत्येक चौमासिक/वार्षिक अवधिमा चालुकोषको यथार्थ स्थिति झल्कने गरी अनुसूची- ८ बमोजिम विवरण तयार गर्ने।

(८) दफा ३.४ बमोजिमको अधिकारको कार्यान्वयन गर्ने।

(९) घुम्तीकोष स्थापना, बीउपुँजी परिचालन नीति तथा निर्देशिका सम्बन्धमा कार्यपालिकालाई आवश्यक राय, सुझाव प्रदान गर्ने।

४.३ संस्थाको अधिकार र कर्तव्य बीउपुँजी परिचालन सम्बन्धमा संस्थाको अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछः

(क) अनुसूची-१ बमोजिमको ढाँचामा कार्यालयमा बीउपुँजी को लागि प्रस्ताव ।

(ख) अनुसूची-२ बमोजिम संझौता गरी कार्यालयबाट प्राप्त बीउपुँजी नियमानुसार संस्थाको कोषमा जम्मा गरी दफा ३.१ बमोजिमका शर्तहरूको पूर्णतः पालना गरी बिउपुँजी परिचालन गर्ने ।

(ग) अनुसूची-५ बमोजिम बीउपुँजी अभिलेख अद्यावधिक गरी राख्ने र अनुसूची-६ बमोजिमको ढाँचामा मासिक रूपमा बीउपुँजीको यथार्थ विवरण भरी कार्यालयमा पेश गर्ने ।

(घ) संझौता अवधि समाप्त भएको १५ दिन भित्र कार्यालयबाट प्राप्त चालपुँजी कार्यालयको संचित कोष खातामा जम्मा गर्ने ।

(ङ) कार्यालयबाट अनुगमन गरी दिइएका लिखित/मौखिक निर्देशनको पालन गर्ने ।

(च) आफ्ना सदस्यहरूको अधिकताम हित हुनेगरी बीउपुँजी परिचालन गर्ने ।

४.४ सदस्यको अधिकार र कर्तव्य बीउपुँजी परिचालन सम्बन्धमा सदस्यको अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) संस्थाको बीउपूँजी परिचालन नीति तय गर्नमा सक्रिय भूमिका निर्वाह गर्ने तथा सोको पालना गर्ने ।

(ख) बीउपुँजीबाट लिइएको कर्जालाई उत्पादनमुलक क्षेत्रमा लगानी गरी अधिकतम लाभ आर्जन गर्न प्रयत्नरत रहने ।

(ग) बीउपुँजी रकमबाट लिइएको ऋणको साँवा, व्याज तोकिएको भाखाभित्र चुक्ता गर्ने ।

५.१ अनुगमन गरी निर्देशन दिनसक्ने घुम्तीकोषलाई व्यवस्थित रूपबाट संचालन गर्ने सन्दर्भमा कार्यपालिकाले गाँउ कार्यपालिकाको कार्यालय र संस्थाको तथा कार्यालयले संस्थाको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिनसक्ने छ। सो निर्देशनको पालना गर्नु कार्यालय तथा संस्थाको कर्तव्य हुनेछ ।

५.२ प्रतिवेदन पेश गर्नुपर्ने बीउपुँजी परिचालनको यथार्थ स्थिति झल्किने गरी सहकारी संस्थाले अनुसूची-६ बमोजिमकार्यालयमा तथा कार्यालयले

अनुसूची–८ बमोजिम कार्यपालिकामा चौमासिक/वार्षिक रूपमा प्रतिवेदन पेश गर्नुपर्ने छ।

५.३ लेखा परीक्षण स्थापना भएको घुम्ती कोषको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ।

५.४ **बचाउः**

यो निर्देशिका लागू हुनु अगावै तत्कालिन गाँउ विकास समिति हाल बैजनाथ गाँउ पालिका वडा कार्यालयहरूबाट संचालित चालुकोष, युवा स्वोरोजगार तथा आयआर्जन जस्ता कार्यक्रमहरू कुनै सहकारी संस्था वा समूह मार्फत चालुकोष, घुम्तीकोष, आदि नामबाट संचालित सबै प्रकारका रकमहरू यो निर्देशिका लागू भएपश्चात यसै निर्देशिका बमोजिम कार्यान्वयन भएको मानिनेछ। यसअघि परिचालन भएको चालुकोषको फिर्ता हुने सबै रकमहरू यसै कोषमा एकिकृत गरी यसै निर्देशिका बमोजिम कार्यान्वयन हुनेछन्।

५.५ व्याख्या यो निर्देशिकामा उल्लेखित दफाहरूको कार्यान्वयनमा कुनै द्विविधा परेमा त्यसको व्याख्या गर्ने अधिकार गाँउ कार्यपालिकालाइ रहनेछ।

५.६ बाधा अड्काउ फुकाउने यो निर्देशिका कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अन्तिम अधिकार गाँउ कार्यपालिकामा सुरक्षित रहनेछ।

## अनुसूची १
### (निर्देशिकाको दफा २.३ संग सम्बन्धित)
### बीउ पुजीको लागि प्रस्ताव नमूना

### खण्ड १ प्रस्ताव आह्वान

मितिः ..................

१. बैजनाथ गाँउपालिकाको आर्थिक वर्ष २०७४/०७५ को स्वीकृत नीति तथा कार्यक्रम अनुसार सहकारी तर्फ सहकारी शिक्षा सहकारी प्रवर्धन व्यवस्थापन रणनीति र शिप विकासका लागि कार्यक्रम ल्याइने छ। युवा स्वोरोजगार जस्ता कार्यक्रम घुम्ती कोष मार्फत संचालन गरिने छ। कृषि तर्फ तरकारी संकलन केन्द्रहरू संचालनमा हुने छन साथै कृषि उत्पादन वृद्धिका लागी आधुनिक प्रविधी र तालिमको व्यवस्था गरिने छ। शित भण्डारको लागी प्रारम्भिक सर्भेक्षण र नक्शांकन का लागी प्रकृया अगाडी बढाईने छ। भन्ने नीति अनुरूप तयार भएका कार्यक्रमहरू

(१) युवा स्वोरोजगार घुम्तीकोष संचालन उल्लेखित कार्यक्रम संचालन गर्नको लागि योग्य सहकारी संस्थाहरू छनौटगरी आर्थिक विकास सम्बन्धी कार्यक्रम संचालन गर्नु पर्ने भएकोले शिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव आह्वन गरिएको छ।

उल्लेखित नमुना अनुसारको सूचना गांउ कार्यपालिकाको कार्यालयले स्थानिय स्तरको पत्रिकामा सूचाना प्रकाशित गर्नेछ।

## अनूसुची २
(निर्देशिकाको दफा २.५.२ संग सम्बन्धित)
### घुम्तीकोषको अभिलेख विवरण

| सि. नं. | सहकारी संस्थाको नाम | चालू आवका | | गत आवसम्म को चालूकोष | जम्मा चालू कोष | लगत राख्नेको हस्ताक्षर | प्रमूख प्रशासकिय अधिकृतको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| | | घूम्तीकोष | स्रोत | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची -३

(निर्देशिकाको दफा २.६ संग सम्बन्धित)

### सम्झौता पत्र

आज मिति ....................मा बैजनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बनकटवा बाँके, ५ नं.प्रदेश नेपाल र श्री ........................ सहकारी संस्था लि. वीच तल उल्लेखित शर्तका परिधिभित्र रही चालूकोष पुंजी ... ... ... परिचलन गर्न हस्ताक्षर गरी सम्झौता गरेका छौं। यसमा कूनै फरक पर्ने छैन। सम्झौताका शर्त तथा यूवा स्वोरोजगार घूम्ती कोषका लागि घूम्तीकोष स्थापना तथा बीउपूँजी परिचालन निर्देशिका २०७४ मा उल्लेखित शर्तहरू भित्र रही घूम्तीकोष सञ्चालन नभएमा प्रचलित ऐन नियम बमोजिम सहुंला बुझाउंला।

**शर्तहरू :-**

(१) यो सम्झौता १ वर्षका लागि लागू गर्नमा हामी दुबै पक्ष सहमत छौ, तर संस्थाले संचालन सम्बन्धी शर्तहरू उल्लघन गरेमा कार्यालयले बिचैमा सम्झौता भंग गरी बीउपूँजी रकम फिर्ता लिनसक्ने छ।

(२) घूम्तीकोष संचालन विधि तथा यसका अनुगमन तरिका र त्यसबाट पाउनुपर्ने प्रतिफल प्रभावकारी तथा शर्त बमोजिम देखिएमा कार्यालयले पुन: थप १ वर्षको लागि सम्झौता नविकरण गर्नसक्नेछ।

(३) कार्यालयबाट उपलब्ध बीउपुँजी परिचालनको अभिलेख संस्थाले निर्देशिका बमोजिम दुरूस्त राखी सो अभिलेख मासिक रूपमा कार्यालय समक्ष पठाउनु गरीरहनु पर्नेछ।

(४) बीउपुंजी रकम संस्थाको खातामा जगेडा नराखी परिचालन गरीरहनु पर्नेछ।

(५) बीउपूँजी परिचालन प्रयोजनका लागि संस्थाले एउटा कर्जा समिति गडन गर्नुपनछ।

(६) बीउपूँजी परिचालन गर्दा कुनै ऋणी सदस्यबाट नियम विपरित कार्य गरे संस्थाको कोष परिचालन नीतिमा व्यवस्था भए अनुसार दण्ड जरिवाना गरी यथाशिघ्र ऋण असुली गर्नुपर्नेछ।

(७) संस्थाले घूम्ती कोषबाट प्राप्त गरेको वीउपुँजि कमध्ये ४० प्रतिशत रकम ५ महिनामा र बाटँकी रकम सम्झौता अवधि समाप्त भएका बखत कार्यालयमा फिर्ता गर्नुपर्नेछ।

(८) बीउपुँजी परिचालन गर्दा संस्थाले बचतमा दिने व्याजदर भन्दा बढी

नहुने गरी व्याजदर कायम गर्नुपर्नेछ ।

(९) सम्झौता बमोजिमको बीउपुँजी रकमको सम्पूर्ण जिम्मेवारी संस्थाकै हुनेछ ।

(१०) माथि उल्लेख भएका शर्त बाटहेक अन्य कुराहरु निर्देशिका बमोजिम दुबै पक्षका लागि समान रुपमा मान्य हुनेछन् ।

| संस्थाको तर्फबाट | कार्यालयको तर्फबाट |
|---|---|
| नामः | नाम : |
| पद : | पद : |
| संस्था : | संस्था : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |

पुनश्चः यस सम्झौतामा उल्लेख गरिएका शर्त बाटहेक आवश्यक अवस्थालाइ विचारगरी कार्यालय आफैले शर्तहरु थप गर्न सक्नेछ ।

अनुसूची–४

निर्देशिकाको दफा ३.१ को (च) सँग सम्बन्धित ऋणको आवेदन फाराम

श्री अध्यक्षज्यू,
....................सहकारी संस्था लि.
बैजनाथ गाँउपालिका, बाँके।

विषय : बीउपूँजीबाट ऋण उपलव्ध गराइपाउँ।

महोदय, यस संस्थाको बीउपुँजी परिचालन नीतिको पुर्णतः पालन गर्ने शर्तमा ...................... ................... .................. ................... व्यवसाय/परियोजना संचालन गर्नका लागि रू .............................. (अक्षरेपि ......................................................अवधिका लागि उपलव्ध गराइ दिनुहुन विनम्र अनुरोध गर्दछु।

नामः
ठेगानाः
सदस्यता नं.:
बाबु/पतिको नामः
बाजे/ससुराको नाम :
दस्तखत

अनुसूची–५

**निर्देशिकाको दफा ४.३ को (ग) सँग सम्बन्धित**

**संस्थाले राख्ने बीउपूँजी परिचालन अभिलेख**

**जिल्ला:** **बैंकको नाम:** **मूल बीउँपूँजी रू.**

**संस्थाको नाम:** **खाता नं.** **स्रोत**

**ठेगाना:** **कोष स्थापना मिति:**

| सि. नं. | सदस्यता नं | बीउपुँजीबाट कर्जा लिने सदस्यको नाम | ठेगाना | लगानी | | | | असूली | | | | | बुझाए को मिति | बुझी लिनेको सही | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | लगानी मिति | परियोजना को नाम | रकम | बुझाउनेको सही | बुझाउनु पर्ने मिति | साँवा | व्याज | हर्जाना | जम्मा रकम | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |